# धनगढी उप – महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा युवा तथा खेलकुद महाशाखा
### धनगढी, कैलाली

प.स. २०७६/०७७

च.न. 3552

मितिः २०७७।०२।०९

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद महाशाखा धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**विषयः- नतिजा प्रकाशन गरिएको वारे ।**

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु

धनगढी उप महानगरपालिका धनगढी कैलाली

प्रस्तुत बिषय सम्बन्धमा यस धनगढी उप- महानगरपालिका द्वारा मिति २०७६/११/२८ देखि मिति २०७६/१२/०५ गते सम्म संचालन गरिएको आधारभूत तहको अन्तिम परीक्षा ( कक्षा ८) २०७६ सालको नतिजा आधारभूततह परीक्षा संचालन तथा व्यवस्थापन समितिको मिति २०७७/०२/०७ को निर्णय अनुसार तपसिल अनुसार प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि अनुरोध छ ।

महादेव जोशी

अधिकृतस्तर आठौं

<u>तपसिल</u>

- आधारभूत तहको अन्तिम परीक्षा ( कक्षा ८) २०७६ सालको नतिजा **मोवायलको मेसेज वक्समा गई Result <Space>dhn<Space> IEMS Roll no** डायल गरी ३१००७ मा पठाएर नतिजा हेर्न सकिने छ ।
- आधारभूत तहको अन्तिम परीक्षा ( कक्षा ८) २०७६ सालको नतिजा **dhangadhi.edufitnepal.com मा गई User name School IEMIS code र password Dh@ngadh! डायल गरी Grade laser** मा गई २०७७/०२/११ वाट हेर्न सकिने छ ।
- प्रकाशित नतिजामा परीक्षार्थीको नाम थर, जन्ममिति फरक पर्न गइ सुधार गर्नु पर्ने भएमा र प्राविधिक कारणले कुनै विषयको प्रयोगात्मक अंक छुट्न गई नतिजा फरक पर्न गएमा वन्दावन्दी खुलि विद्यालय संचालन भएको १५ दिन भित्र विद्यालयको सिफारिस साथ स-प्रमाण शिक्षा यूवा तथा खेलकुद महाशाखामा पेश गरी सुधार गर्न सकिने छ ।
- प्रकाशित नतिजाम चित्त नवुझि कुनै विषयमा पुनर्योग गर्न चाहाने परीक्षार्थीले वन्दावन्दी खुलि विद्यालय संचालन भएको १५ दिन भित्र पुनर्योगका लागि यस धनगढी उप महानगरपालिकाको आधारभूततह परीक्षा संचालन तथा व्यवस्थापन समितिको माछापुच्छ्रे विकास वैक धनगढीमा रहेको हि नं ४८०१५२४८९८७१२०१६ मा प्रति विषय रु ५००।का दरले जम्मा गरेको भौचर सहित संलग्नगरि पुनर्योग गर्न चाहेको विषयहरु खोलि शिक्षा युवा तथा खेलकुद महाशाखामा निवेदन दिन सकिने छ ।
- कुनै दुई विषयमा शैद्धन्तिक D+ भन्दा कम ग्रेड प्राप्त गरेका परीक्षार्थीले ग्रेड वृद्धि परीक्षामा सम्मलित हुन वन्दावन्दी खुलि विद्यालय संचालन भएको १५ दिन भित्र यस धनगढी उप महानगरपालिकाको आधारभूततह परीक्षा संचालन तथा व्यवस्थापन समितिको माछापुच्छ्रे विकास वैक धनगढीमा रहेको हि नं ४८०१५२४८९८७१२०१६ मा रु ५००। जम्मा गरेको भौचर र प्रवेश पत्रको प्रतिलिपि सहित संलग्नगरी विद्यालयको सिफारिस साथ शिक्षा यूवा तथा खेलकुद महाशाखामा आवेदन दिन सकिने छ ।

<u>**बोधार्थः**</u>

√श्री सुचना प्रविधि शाखाः सुचना अपलोड गरि दिनु हुन ।